# झिमरुक गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-३ संख्याः-७ मितिः-२०७७/०७/२०

## भाग-२

# झिमरुक गाउँपालिका

## विपद् व्यवस्थापन तथा कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७

(१) **संक्षिप्त नाम :-** यस कार्यविधीको नाम "विपद् व्यवस्थापन तथा कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७" रहनेछ ।

(२) यो कार्यविधि झिमरुक गाउँपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

(२) **ऐनको दफा ८ मा संशोधन** :- "विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०७४ को दफा ८ को उपदफा ख मा गोठ नष्ट भएमा रु ३,००० प्रति परिवार राहत सहयोग उपलवध गराउने व्यवस्था भएकोमा संशोधन गरि रु ६,००० प्रति परिवार राहत उपलब्ध गराइएको छ।

**८. राहत तथा उद्धार सम्बन्धी व्यवस्था**

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ३५०००।- का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने छ ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. २००००।- आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.१००००।- तथा गोठ नष्ट भएमा रु.६०००।- प्रति परिवार राहत सहयोग उपलब्ध गराउने छ ।

आज्ञाले
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका